"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

SAHAKARITA

दैमासिक

वर्ष ११ अंक ४६, असोज-कार्तिक २०८१ www.ncbl.coop 17 Setember 2024-15 November 2024



"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

SAHAKARITA
द्वैमासिक

वर्ष ११ अंक ४६, असोज-कार्तिक २०८१ www.ncbl.coop 17 Setember 2024-15 November 2024

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

सहकारिता

सल्लाहकार
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

सुचना, सञ्चार तथा प्रकाशन उप-समिति
संयोजक
राम बहादुर जि.सी.

सदस्यहरु
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना
विजया धिताल
सदस्य सचिव
नवीन कुमार कार्की

प्रधान सम्पादक
राम बहादुर जि.सी.

सहयोगी
बलराम के.सी.

ठेगाना
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

## सम्पादकिय


### सहकारीमा सम्पति शुद्धीकरण र निवारण

सम्पत्ति शुद्धीकरण अवैध तवरले आर्जित सम्पत्तिलाई वैध बनाउने कार्य हो । भ्रष्टाचार, अवैध हातहतियार कारोवार, मानव, जनाव, अंग, छाला तस्करी, सीमा तस्करी, चिठ्ठा ठगी, हुण्डी कारोबार, राजश्च छली, न्यून वा ज्यादा बीजक बनाउने जस्ता क्रियाकलापबाट आर्जित सम्पत्तिको वास्तविक श्रोत लुकाई कारोबार गरेर वैध प्रणालीमा सम्पत्ति प्रवेश गराउने प्रवृत्ति हो यो । वित्तीय कारोबारको सहायतामार्फत् यसप्रकारका सम्पत्तिको नयाँ कानूनी श्रोत सिर्जना गरिन्छ । सम्पत्ति शुद्धीकरणको राज्य संचालनका विविध क्षेत्रमा नकरात्मक प्रभाव हुन्छ । सम्पत्ति शुद्धीकरणले आतंकवादी कार्यमा लगानीलाई प्रश्रय दिन्छ । मौद्रिक तथा वित्तीय नीति निर्माणमा मुद्राको माग तथा आपूर्ति प्रथमतः आउने र सम्पत्ति शुद्धीकरणका कारण मुद्राको प्रवाह असन्तुलित हुन जाने हुँदा यस्ता नीति सफल हुन सक्दैनन् ।

अन्य संगठित अपराधको मुख्य कारण हो सम्पत्ति शुद्धीकरण । यसकै कारणले निर्वाचन प्रणाली खर्चिलो बन्न जान्छ । यो वैध सम्पत्ति आर्जन गर्नेलाई अहितकर हुन्छ । यसले गर्दा लगानी दुरुत्साहन, पुँजी पलायन, परनिर्भरता, मुल्य वृद्धि, व्यापार घाटा, बैंकिङ्ग तथा शेयर बजारमा प्रतिकुल प्रभाव पर्न जान्छ । कानूनको शासनमाथि आक्रमण गरी संविधानको भावना मारेर समग्र राज्य प्रणाली संचालन अस्वस्थकर बनाउँछ सम्पत्ति शुद्धीकरणले । अवैध आर्जन गर्ने र नगर्ने बीच स्वभाविक खाडल सिर्जना हुन जान्छ, वैमनश्यता बढ्न गई सहकारीताको विपरीत हुन्छ । नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको जिम्मेवार हिस्सा छ । ठूलो संख्यामा सदस्यको सहभागिता रहेको यस क्षेत्रमा सम्पत्ति शुद्धीकरणको जोखिमसमेत उत्तिकै छ । नयाँ संविधानसँगै सहकारी क्षेत्रको नियामक व्यवस्थामा भएको संरचनागत परिवर्तन, श्रोत साधनको न्यूनता र समग्र क्षेत्रभित्रको न्यून सिर्जनशीलता कारण यस क्षेत्रमा सम्पत्ति शुद्धीकरणको जोखिम छ । सहकारी विधि, सिद्धान्त र सुशासकीय मानकको सही अभ्यास गर्दा सहकारी क्षेत्रमा यस्तो जोखिम न्यून हुने कुरामा दुईमत छैन ।

उदाहरणका लागि सहकारी साझा बन्धनको प्रभावकारी अभ्यास हुँदा सम्पत्ति शुद्धीकरणका लागि यस क्षेत्रमा प्रवेश गर्ने सदस्य फिल्टर हुन सक्छन् तर यस्तो हुन नसक्दा यो क्षेत्रमा सम्पत्ति शुद्धीकरणको ढोका खुलै छ । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय स्तरको सहमति, राष्ट्रियस्तरका कानूनसँगै निवारणसम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन अभ्यासमा छ । जिम्मेवार अधिकारीले यस सम्बन्धमा अवैध आर्जनको सम्पत्ति सहकारीमा धेरै छ भन्ने औपचारिक उल्लेखसमेत गरेका छन । चनाखो भई रोक्नतर्फ नलाग्ने हो भने यसले सहकारी आर्थिक प्रणालीलाई भताभुङ्ग पारिदिने निश्चित छ ।

# नेपालको सहकारीहरुमा अन्तर्राष्ट्रिय अभ्यास भित्राउन अक्कु र सहकारी बैंकका सदस्य संस्थाहरुबीच छलफल




ललितपुर । एसियाली ऋण महासंघ (अक्कू) र राष्ट्रिय सहकारी बैंकका सदस्य सहकारी संस्थाका प्रतिनिधिहरु बीच भएको "The Introduction of ACCU Business Solution Fit and Proper, ACUES, and Supporter Member" विषयक कार्यक्रम कार्तिक १२ गते सम्पन्न भएको छ । बैंकको सदस्य सहकारी संस्थाहरूका प्रमुख कार्यकारी अधिकृतहरू सहभागी कार्यक्रममा तीन छुट्टा-छुट्टै विषयमा अक्कुका प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यान रोक्के, चिफ अफ टेक्निकल अफिसर रञ्जित हिताराची र सदस्य सेवाका प्रबन्धक कामोन कित्तीसिरिकुम्पोनले प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा आफ्नो प्रस्तुतीकरण गर्दै अक्कुकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भिस्यान रोक्कले सहभागी संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा नेतृत्व भूमिकामा रहेकाहरूको योग्यता र दक्षताहरू वृद्धि गर्नको लागि यो कार्यक्रम महत्वपूर्ण हुने बताउनु भयो । अक्कुले बैंकसँगको सहकार्यमा बैंकमामा आवद्ध सहकारीहरुको लागि व्यावसायिक विकास, सहकार्य, र सहकारीकर्मीहरूलाई उनीहरूको नेतृत्व र व्यवस्थापन कौशलता बढाउन स्रोत र अवसरहरू प्रदान गर्ने लक्ष्य राखेको आफ्नो प्रस्तुतीकरणमा उल्लेख गर्नुभयो । अक्कू अन्तर्गतको व्यवस्थापन प्रमुखहरूको संस्था (एसियुइएस) मा नेपालको सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत एवम् व्यवस्थापन प्रमुखलाई सहकारी बैंक मार्फत आबद्ध गराउने र उनीहरूको व्यावसायिक क्षमता विकास गराउने विषयमा समेत सहजीकरण भएको थियो ।

कार्यक्रममा सहकारीहरू बिचको सहकार्य अन्तर्गत अक्कुको सपोर्टर सदस्यताको विषयमा पनि सहभागीहरू बिच छलफल तथा अन्तरक्रिया भएको थियो । सहभागी संस्था सञ्चालनमा आवश्यक पर्ने विभिन्न औजारहरू विकास गर्ने क्रममा ३५औं औजारको रूपमा फिट एन्ड प्रपर नामक औजार नेपालको सहकारीहरूमा सहकारी बैंक मार्फत प्रयोग गर्न अक्कुकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भिस्यान रोक्कले आग्रह गर्नुभयो ।

त्यसैगरी अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसिए) को आयोजनामा १३० वर्षपछि पहिलो पटक दक्षिण एसियाली मुलुक भारतको नयाँ दिल्लीमा आगामी नोभेम्बर २५ देखि नोभेम्बर ३० सम्म हुने "आइसिए-अन्तर्राष्ट्रिय सहकारी सम्मेलन-२०२४" समेत फिट एन्ड प्रपरको विषयमा प्रस्तुतीकरण हुने अक्कुका, चिफ अफ टेक्निकल अफिसर रञ्जित हिताराचीले जानकारी दिनु भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको तर्फबाट नायब महाप्रबन्धक राजेश श्रेष्ठले स्वागत गर्दै अक्कुसँगको सहकार्यमा नेपालको सहकारी संस्थाहरुमा अन्तर्राष्ट्रिय अभ्यास भित्राउन बैंकले मुख्य भूमिका खेलिरहेको बताउनु भयो । कार्यक्रममा बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्य, सहित सदस्य सहकारी संस्थाका ५७ जना व्यवस्थापन प्रमुखहरूको सहभागिता रहेको थियो ।

# राष्ट्रिय सहकारी बैंकको २१औं वार्षिक साधारण सभा मंसिर २९ मा




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको २१औं वार्षिक साधारण सभा आगामी मङ्सिर २९ गते शनिवार हुने भएको छ ।

बैंकको कार्तिक २४ गते सम्पन्न सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र केन्द्रीय उपसमितिका सदस्यहरूको संयुक्त बैठकले मङ्सिर २९ गते साधारण सभा गर्ने निर्णय गरेको हो ।

बैंकको २१औं वार्षिक साधारण सभा अन्तरगत मङ्सिर २९ गते ७ प्रदेशमा एकाइ सभा र पुस ३ गते एकाइ प्रतिनिधिहरूको सभा गरिने बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले जानकारी दिनुभयो ।

एकाइगत रुपमा हुने साधारण सभा अन्तर्गत कोशी प्रदेशको विराटनगर, मधेस प्रदेशको बार्दिबास, बागमती प्रदेशको काठमाडौं, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा हुने छ ।

भर्चुअल र भौतिक रूपमा सम्पन्न गरिने साधारण सभाको उद्घाटन सत्र संयुक्त रूपमा र छलफल सत्र प्रदेशगत रूपमा सम्पन्न गरिने प्रमुख कार्यकारी अधिकृत गुरागाईंले जानकारी दिनुभयो ।

सात प्रदेशमा हुने एकाइ सभाबाट चयन हुने प्रतिनिधिहरूले साधारण सभाको बैठकका निर्णयहरू प्रमाणित गर्ने सभा पुस ३ गते काठमाडौंमा हुने छ ।

साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, आर्थिक वर्ष २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन, आ.ब. २०८१/०८२ को प्रस्तावित बजेट तथा कार्यक्रमको विषयमा छलफल एवम् निर्णय हुने छ । त्यसैगरी विनियम संशोधन, कार्यविधिहरू थप तथा संशोधन, नियमनकारी निकायको निर्देशनको जानकारी सहित विभिन्न ११ वटा कार्यसूचीका विषयमा छलफल एवम् निर्णय हुने बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले बैठकमा जानकारी गराउनु भएको थियो । बैंकमा हालसम्म १६ हजार ३ सय ४६ सहकारी संघ संस्था सदस्य रहेका छन् ।

## राष्ट्रिय सहकारी बैंक लिमिटेडको २१औं वार्षिक साधारण सभामा सदस्य संघ/संस्थाले राख्ने प्रस्ताव सम्बन्धी सूचना

मिति २०८१ कार्तिक २४ गते बसेको यस बैंकको सञ्चालक समितिको बैठकको निर्णयानुसार २१औं वार्षिक साधारण सभा एकाइस्तरमा मिति २०८१ मंसिर २९ गते आयोजना गरिएको जानकारी सहितको सूचना मिति २०८१ कार्तिक २५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिएको ब्यहोरा सहर्ष जानकारी गराउँदै सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ (संशोधन सहित) को दफा ७ को उपदफा ३ (ङ) को उपखण्ड १ तथा दफा १० अनुरुप ईच्छुक सदस्य सहकारी संघ/संस्थाहरुबाट प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ ।

**प्रस्ताव पेश गर्ने सम्बन्धी व्यवस्थाः**

क) प्रस्ताव पेश गर्नका लागि निम्न उल्लिखित संख्याको प्रस्तावक र समर्थक सदस्य संघ/संस्था हुनुपर्नेछ । यसरी पेश गरिने प्रस्तावको समर्थक र प्रस्तावक दोहोरो पर्न हुने छैन ।

| बैंकको सदस्य संख्या (मिति २०८१ कार्तिक २३ गतेसम्म) | आवश्यक न्यूनतम प्रस्तावक सदस्य संघ/संस्था संख्या | आवश्यक न्यूनतम समर्थक सदस्य संघ/संस्था संख्या |
|---|---|---|
| १६,३४६ | ५% (८१८) | ५% (८१८) |

ख) प्रस्ताव पेश गर्नको लागि बैंकले तोकेको फारम बैंकको आधिकारिक वेबसाइट www.ncbl.coop बाट डाउनलोड गर्न वा नजिकैको शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । बैंकले तोकेको निवेदनको फारम अनुरुप विवरण पुरा नभरिएको र रितपूर्वक नआएको प्रस्ताव स्वतः खारेज हुनेछ ।

ग) प्रस्ताव पेश गर्ने सदस्यहरुले सम्बन्धित संघ/संस्थाको सञ्चालक समितिबाट प्रस्ताव पेश गर्न गरिएको निर्णय अध्यक्षद्वारा प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

घ) प्रस्ताव समर्थन गर्ने सदस्यहरुले सम्बन्धित संघ/संस्थाको सञ्चालक समितिबाट प्रस्तावमा समर्थन गर्न गरिएको निर्णय अध्यक्षद्वारा प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

ङ) प्रस्तावक संघ/संस्थाले तोकिएका सम्पूर्ण व्यवस्था पूरा गरी तयार पारिएको प्रस्ताव बैंकको कुनै पनि शाखा कार्यालय अथवा बैंकको इमेल agm@ncbl.coop मा सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको
# २१औं वार्षिक साधारण सभाको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०८/०७**

मिति २०८१ कार्तिक २४ गते बसेको यस बैंकको सञ्चालक समितिको बैठकको निर्णयानुसार २१औं वार्षिक साधारणसभा तपसिलमा उल्लिखित कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि सहकारी संस्थाको साधारणसभा सम्बन्धी कार्य व्यवस्था निर्देशिका २०७६ (संशोधन सहित) र बैंकको विनियम २०५९ (संशोधन सहित) बमोजिम देहायका उल्लिखित एकाईहरुमा निम्न बमोजिमको मिति, समय र स्थानमा हुने भएको हुँदा यस बैंकका सम्पूर्ण सदस्य संघ/संस्थाहरुका प्रतिनिधिज्यूहरुलाई साधारणसभाको बैठकमा सहभागीताको लागि हार्दिक अनुरोध छ ।

**साधारणसभाका कार्यसूचीहरू :**

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ. व.२०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ. व.२०८१/०८२ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. आ. व.२०८१/०८२ का लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
६. कार्यविधिहरू थप तथा संशोधन सम्बन्धमा,
७. कार्यसूचीमा थप भएका प्रस्ताव सम्बन्धमा,
८. नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा,
९. संस्थागत प्रतिनिधिहरुको जानकारी सम्बन्धमा,
१०. बैंकको नाममा कायम भएको जग्गा बिक्री सम्बन्धमा,
११. साधारणसभाको एकाइ बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरूको चयन गर्ने एवम् एकाइ प्रतिनिधिहरूको सभामा निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरूको चयन गर्ने सम्बन्धमा ।

**कार्यक्रम:**

| बैठक मिति | बैठक समय | एकाइ | एकाइको क्षेत्र | बैठक स्थान | एकाइ बैठकको निर्णय प्रमाणित गर्न आवश्यक प्रतिनिधि सङ्ख्या | साधारणसभाको एकाइ बैठकका प्रतिनिधिहरूको (केन्द्रीय सभा) निर्णय प्रमाणित गर्न चयन हुने प्रतिनिधि सङ्ख्या |
|---|---|---|---|---|---|---|
| २०८१/०८/२९ | बिहान ११:०० बजे | १ | कोशी प्रदेशका सम्पूर्ण जिल्लाहरु | होटेल मनास्लु इन विराटनगर-४, मोरङ | १७ | ७ |
| | | २ | मधेश प्रदेशका सम्पूर्ण जिल्लाहरु | दीपक पार्टी प्यालेस एन्ड रिसोर्ट प्रा.लि., बर्दीबास-१, महोत्तरी | १७ | ६ |
| | | ३ | बागमती प्रदेशका सम्पूर्ण जिल्लाहरु | सशस्त्र प्रहरी बलको सभाहल, हलचोक, स्वयम्भू, काठमाडौं | १७ | १९ |
| | | ४ | गण्डकी प्रदेशका सम्पूर्ण जिल्लाहरु | पोखरा दीप सागर होटेल रेस्टुरेन्ट एन्ड बार प्रा.लि., न्युरोड-८, पोखरा | १७ | ५ |
| | | ५ | लुम्बिनी प्रदेशका सम्पूर्ण जिल्लाहरु | द दरबार लन प्रा. लि., तिलोत्तमा-३, शान्तिचोक, रुपन्देही | १७ | ५ |
| | | ६ | कर्णाली प्रदेशका सम्पूर्ण जिल्लाहरु | जिल्ला समवन्य समितिको सभाहल, वीरेन्द्रनगर, सुर्खेत | १७ | ३ |
| | | ७ | सुदुरपश्चिम प्रदेशका सम्पूर्ण जिल्लाहरु | रिद्धिसिद्धि पार्टी प्यालेस, रातोपुल, धनगढी | १७ | ३ |

**साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा (केन्द्रीय) २०८१ पुस ३ गते बुधबार बिहान ११:०० बजे, काठमाण्डौं उपत्यकामा ।**

**साधारणसभा सम्बन्धी अन्य जानकारीहरु:**

१. साधारणसभा एकाइस्तरमा भौतिक रूपमा सञ्चालन हुनेछ । बैठकमा कार्यसूचीमा रहेका प्रतिवेदन एकाइ ३ मा भौतिक र अन्य एकाइमा भर्चुअल माध्यमबाट पेस हुनेछ । सम्पूर्ण एकाइहरूमा प्रस्तुत भएको समान कार्यसूचीमा भौतिक रूपमा उपस्थित उक्त एकाइका प्रतिनिधिहरूले छलफल गरी निर्णय गर्नुपर्नेछ ।
२. एकाइ बैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभाको बैठक हुने हलको जानकारी अर्को सूचना तथा पत्र मार्फत गराइनेछ ।
३ साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरूले आ-आफ्नो सङ्घ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्रका साथै नेपाल सरकारद्वारा जारी गरेको फोटोसहितको आफ्नो परिचयपत्र साथमा लिएर साधारणसभामा उपस्थित हुनुपर्नेछ । हरेक सङ्घ/संस्थाले एक जना मात्र आधिकारिक प्रतिनिधि मनोनयन गरी पठाउनुपर्नेछ ।
४. साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरूको आवास तथा यातायात खर्च सम्बन्धित सङ्घ/संस्था आफैले व्यवस्था गर्नुपर्नेछ ।
५. थप जानकारीका लागि बैङ्कको टोल फ्री नम्बर १६६००१०२९९९, वेबसाइट (www.ncbl.coop), आधिकारिक सामाजिक सञ्जाल, केन्द्रीय कार्यालय पुल्चोक तथा बैङ्कका शाखा कार्यालयहरूमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www.ncbl.coop

# विश्वासको संकट चिर्दै सहकारीलाई अर्थतन्त्रको मजबुत तेस्रो खम्बा बनाउन के गर्ने ?

देवराज ओझा

विगत केहि समयदेखि समग्र विश्व अर्थतन्त्रले एककिसिमको संकट, दबाब र शिथिलताको अवस्था सामना गरिरहेको छ । न्युन आर्थिक वृद्धि, अधिक मुद्रा स्फिती, बढ्दो बेरोजगारी, समग्र मागमा आएको संकुचन, आपूर्ति तथा मुल्य शृङ्खलामा आएको फेरबदल, विभिन्न देशहरू बिच भैरहेको युद्ध, तनाब भुराजनीति र न्युन आर्थिक गतिविधि लगायतका कारण विश्व अर्थतन्त्र समस्यामा छ । जसबाट हाम्रो अर्थतन्त्र बेखबर र अछुत रहन सकेको छैन् र सक्दैन पनि । नेपालको अर्थतन्त्र विभिन्न स्वरूपका विभिन्न समस्याहरूबाट थिचिएको छ, जे लिएको छ । आज भने यो लेख मुलतः सहकारीसँग सम्बन्धित भएकाले अर्थतन्त्रका बारेमा भने अर्को अंकमा लेख लेख्ने कोसिस गर्नेनै छु ।

नेपाल अहिले एकसाथ सार्वजनिक, निजि, सहकारी तथा विशेषतः आन्तरिक अर्थतन्त्रका क्षेत्रहरूमा निकै दबाबको सामना गरिरहेको छ । त्यसमध्ये अर्थतन्त्रको तेस्रो खम्बा मानिने सहकारी क्षेत्र सर्वाधिक सबैतिर चर्चाको विषय बनेको छ । नबनोस् पनि कसरी ? अहिले शिथिलता, संकट र दबाब पनि यहीँ क्षेत्रमा बढी हावी छ। चुलो चौका कुना काप्चा हुँदै गाउँ देखी सहरसम्म, एक सामान्य मान्छे देखि लिएर भिआइपी मान्छे सहकारीहरूसँग कुनै न कुनै रूपमा जोडिएका छन् नै। यसबाट कुनै समुदाय, वर्ग वा क्षेत्र अछुत रहन सकेको छैन् । सबै कतै न कतै जोडिएका छन् र त अप्ठ्यारो समयमा समस्या पनि यसमै बढी देखिएको भान सबैलाई परेको छ ।

मानव विकासको क्रमसँगै सहकारीको अवधारणा तथा विकास सँगसँगै भयो। आधुनिक सहकारीको अवधारणा बेलायतबाट सुरू भएको मानिन्छ । बेलायती विद्वान रोबर्ट ओवेललाई आधुनिक सहकारीका पिता भनेर चिनिन्छ । नेपालमा भने विसं २०१० सालमा सहकारी विभागको स्थापना भएसँगै विसं २०१३ सालमा बखान ऋण सहकारी संस्थाको स्थापना भयो । विसं २०१६ सालमा नेपालमा पहिलो पटक सहकरि ऐन जारी, विसं २०४८ सालको सहकारी ऐन, राष्ट्रिय सहकारी नीति २०६९ हुँदै विसं २०७४ सालमा जारी वर्तमान सहकारी ऐन तथा सहकारी नियमावली २०७५ सम्म आइपुग्दा सहकारीहरूको संस्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा कार्यगत, संस्थागत, नीतिगत तथा व्यवस्थापकिय प्रावधान हुँदै-हुँदै पनि तदनुरूप सहकारीको मर्म, भावना, उद्देश्य तथा सिद्धान्त अनुरूप सहकारीहरू चल्न नसक्नुको परिणाम आजको परिस्थिति हो । सबै बिग्रे, सबैले बाटो बिराए भन्ने पनि छैन् । धेरैले उदाहरणीय काम गर्दै आइरहेका छन । धेरैले राम्रो परिमाण पनि दिएका छन् तर अहिलेको अवस्थामा केहि ठुला सहकारीहरू संकटग्रस्त हुँदा तिनको प्रभाव राम्रा सहकारीहरूमा पर्न गयो। परिणामस्वरूप सहकारी क्षेत्रमा ठूलो विश्वासको संकट देखा परिरहेको छ । विशेषगरी सहरी क्षेत्रमा अझ व्यापक छ । सहकारी पद्धतिमा आधारित उद्योग व्यवसायको स्थापना गरि देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु सहकारीको मुख्य उद्देश्य हो । सहकारीका सम्बन्धमा नेपालको संविधान २०७२ को अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा भएको व्यवस्थामा सहकारी सम्बन्धि बुँदा शुरूमै उल्लेख गरिएको छ । त्यसै गरि नेपालको संविधान २०७२ को भाग ४ अन्तर्गत दफा ५० को उपदफा (३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने व्यवस्था रहेको छ। यसबाट के प्रष्ट हुन्छ भने सहकारी क्षेत्रको महत्व कति गहिरो छ कति दिगो छ भन्ने कुरा बुझ्न सकिन्छ । हाम्रो जस्तो मिश्रित अर्थव्यवस्था अवलम्बन गरिएको राष्ट्रमा सबल र दिगो अर्थतन्त्रको आधार सहकारी क्षेत्रलाई राज्यले प्राथमिकताका साथ संविधानमै स्पष्ट व्यवस्था गरेको छ ।

पछिल्लो तथ्यांक अनुसार नेपालमा करिब ३४ हजार सहकारी संस्था छन् । पालिका अन्तर्गत मात्रै ८० प्रतिशत भन्दा बढी छन् । करिब ७५ लाख शेयर सदस्य छन् जसमा ५६ प्रतिशत भन्दा बढि महिलाहरूको सहभागिता छ । सबै सहकारीहरूको जम्मा सेयर पुँजी ९४ अर्ब रूपैयाँ छ। यी सहकारीहरूले चार खर्ब ७८ अर्ब रूपैयाँ बचत संकलन गरेका छन्। त्यस्तै चार खर्ब २६ अर्ब रुपैयाँ ऋण लगानी गरेका छन्। देशको कुल वित्तीय कारोबारमा सहकारीले १५ प्रतिशत हिस्सा ओगटेको छ । नेपालमा ७५ प्रतिशत सहकारी संस्था बैंकिङ तथा वित्तीय कारोबारमा संलग्न छन् । ९४ हजार भन्दा बढीले प्रत्यक्ष र ५ लाख भन्दा बढिले अप्रत्यक्ष रोजगारी पाएका छन्। नेपाल सरकारको क्षेत्रभित्र पर्ने १४५ सहकारी मध्ये २०/२१ वटा सहकारी समस्याग्रस्त छन्। ईसं २००९ को वित्तीय क्षेत्रमा संकट आउदा पनि सहकारी क्षेत्रमा ठूलो प्रभाव नपरेको दृष्टान्त हामिसँग छ भने पछिल्लो

मन्दिले खासगरी विकासोन्मुख राष्ट्रको सहकारी क्षेत्रमा शिथिलता देखिएको छ । जनतामा उत्पादनमूलक सम्पत्ति, स्रोत र अवसरको समान वितरण तथा समावेशी विकासका लागि राज्य, सहकारी र निजी क्षेत्र मिलेर तीन खम्बे अर्थतन्त्रको विकास गर्ने भनेर संविधानमा गरिएको व्यवस्थापछिका ऐन, नियम, संस्थागत संरचना, त्यसमा जोडिएका पात्रहरू र अभ्यास हेर्दा सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्त तथा 'एकका लागि सबै र सबैको लागि एक' भन्ने आदर्शबाट च्युत भएको देखिन्छ ।

विश्व अर्थतन्त्रको एउटा महत्वपूर्ण हिस्सा बनेको सहकारीमा विश्वभरमा १ अर्ब २० करोड मानिसहरू आवद्ध रहेको तथ्यांक आइसिएले प्रकाशन गरेको छ । गत वर्ष विश्वका ३०० सबै भन्दा ठुला सहकारीहरूले मात्रै २.१७ खर्ब अमेरिकी डलर बराबरको वार्षिक कारोबार गरेका छन्। विश्वमा कुल रोजगार प्राप्त जनसंख्यामा सहकारीको हिस्सा १० प्रतिशत रहेको छ ।

आइसिएले बर्सेनि प्रकाशन गर्ने प्रतिवेदन 'वर्ल्ड कोअपरेटिभ मनिटर' मा सहकारी के हो, के होइन भनेर बुझ्न सकिने केही तथ्यांकहरू पाइन्छन् । पछिल्लो प्रतिवेदन अनुसार वार्षिक कारोबारका हिसाबले सबभन्दा बढी कारोबार गर्ने सहकारी फ्रान्सको ग्रुप क्रेडिट एग्रिकोल हो । वित्तीय क्षेत्रको यो सहकारीले सन् २०२१ मा एक खर्ब १७ अर्ब अमेरिकी डलर बराबरको कारोबार गरेको थियो। यसपछिको क्रममा उपभोक्ता व्यापार तथा पर्यटन व्यवसाय सञ्चालन गर्ने जर्मनीको आरइडब्लुई ग्रुप, वित्तीय कारोबार गर्ने फ्रान्सकै ग्रुप बिपिसिई, कोरियाको कृषि सहकारी नोंगह्युप र उपभोक्ता व्यापार गर्ने फ्रान्सकै एसिडिएलइसी लेकलर्क छन् ।

सहकारीको कारोबार र प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अनुपातका आधारमा भारतको आइएफएफसिओ शीर्ष स्थानमा छ। कृषकहरूको यो सहकारीले मलखादको कारोबार गर्छ । यसलाई भारतकै गुजरात मिल्क, फ्रान्सको ग्रुप क्रेडिट एग्रिकोल, ब्राजिलको स्वास्थ्य सहकारी सिस्टेमा युनिमेड र ब्राजिलकै उपभोक्ता सहकारी कोपरसुकार एसएले पछ्याएका छन् । भौगोलिक आधारमा विश्वका तीन सय ठूला सहकारीमध्ये युरोपमा १६६, एसिया प्रशान्त क्षेत्रमा ४० र अमेरिकामा ९४ सहकारी छन्। प्रतिवेदन अनुसार तीन सय ठूला सहकारीमध्ये कारोबारको हिस्सा सबभन्दा धेरै (३५ प्रतिशत) कृषि सहकारीको छ । त्यसपछिको हिस्सा बीमा (३२ प्रतिशत), उपभोक्ता (१९ प्रतिशत), बैंकिङ (९ प्रतिशत), औद्योगिक उत्पादन (३ प्रतिशत) मा बाँडिएको छ । शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक कार्यमा आधारित सहकारीको हिस्सा एक प्रतिशत छ । थुप्रैले सहकारीहरू आफ्नो आदर्शबाट विचलित भएकाले संकट आएको भनेका छन्। तर त्यतिले मात्रै समस्या बल्झिएको भने होईन । जस्तो कि बचत तथा ऋण सहकारी यत्तिकै हावामा तैरिन सक्ने त होइनन् । वस्तु तथा सेवा उत्पादन क्षेत्रमा आर्थिक, व्यवसायीक र औद्योगिक गतिविधि हुनुपर्‍यो, नहुने हो भने बचत तथा ऋणको लेनदेन हुँदैन। वस्तु तथा सेवा उत्पादन क्षेत्रमा मूल्य अभिवृद्धिका लागि वित्तीय सेवा सहायक हुन्छ। वित्तीय क्षेत्रमा कुनै बेला क्रेडिट बुमको अवस्था धेरै थियो जस्तो कि एउटै आर्थिक वर्षमा जिडिपिको ३० प्रतिशतसम्म कर्जा प्रवाह भएको थियो भने अहिले क्रेडिट बस्टको अवस्था छ। क्रेडिट बस्ट भनेको कर्जामा अचानक र गम्भीर संकुचन आउनु हो। हुनत समग्र माग पक्ष नै कमजोर छ भन्ने कथन हावी छ तर त्यो नगण्य कारण हो । अरू क्षेत्रमा जस्तै सिर्जनशीलता, पारदर्शिता, जोखिम बहन, प्रतिस्पर्धा, व्यावसायिक तथा वित्तीय अनुशासन सहकारीमा पनि आवश्यक हुन्छ। साधारण सभा, सञ्चालक समिति, व्यवस्थापन समूह, कर्मचारी, ग्राहक, सरकार र अन्य सरोकारवालासँग न्यायोचित पारस्परिकतामा आधारित सम्बन्ध कायम गरि व्यवसाय सञ्चालन गर्नु आजको आवश्यकता हो। सदस्यलको स्वामित्व भएको, सदस्यले सञ्चालन गर्ने र सदस्यको सेवा गर्ने सहकारीको मूल ध्येय हुनुपर्छ। जस्तो कि आत्म सहयोग,स्व-उत्तरदायित्व, प्रजातान्त्र, समानता, न्याय, ऐक्यबद्वता, इमानदारीता, खुलापन, सामाजिक उत्तरदायित्व,अरूको हेरचाह तथा सदस्य केन्द्रित व्यवसाय सहकारीको मूल चरित्र हो। त्यो चरित्रको मुल प्रवाहबाट आज सहकारीहरू चुकिरहेका छन् ।

व्यवसायको प्रकृतिका आधारमा नेपालमा सहकारीहरूलाई बहुउद्देश्यीय, कृषि तथा मल खाद्य, बचत तथा ऋण, दुग्ध, उपभोक्ता, विद्युत, तरकारी तथा फलफुल, चिया, कफी, जडिबुटी, मौरीपालन, सञ्चार र स्वास्थ्य लगायत क्षेत्रमा विभाजन गरिएको छ । तर सहकारीको संख्या, सदस्य, पुँजी तथा कारोबारका आधारमा नेपालमा सहकारी भनेकै बचत तथा ऋण सहकारी हो भन्ने अवस्था छ। नाम अनेकथरि भए पनि यिनले गर्ने काम बचत तथा ऋण सहकारीको भन्दा फरक छैन भन्ने छ। दर्ता भएकामध्ये ४० प्रतिशत बचत तथा ऋण सहकारी छन्। सदस्य संख्याका हिसाबले ५५ प्रतिशत बचत तथा ऋण सहकारीमै आबद्ध छन् । सबै सहकारीको सेयर पुँजीमध्ये बचत तथा ऋण सहकारीको हिस्सा ७४ प्रतिशत छ। बचत संकलनमा बचत तथा ऋण सहरकारीले ७२ प्रतिशत हिस्सा ओगटेका छन् भने ऋण लगानीमा ६६ प्रतिशत छ। सदस्यहरूको हित के हो, आवश्यकता के हो भन्ने कुरामा हामिले ध्यान दिएका छैनौं । कारोबारको आकार बढाए हुन्छ। संकलन गरिएको रकम उपयोग गर्ने उचित लगानी नीति, जोखिम व्यवस्थापन नीति, सञ्चालन नीति र व्यवसायीक व्यवस्थापन नीतिको अभाव छ। लेखा परीक्षण, नियन्त्रण प्रणाली, संस्थागत सुशासन, सञ्चालक तथा कर्मचारीहरूको आचारसंहिता र कानुन अनुपालनको स्थिति निकै कम्जोर छ ।

उत्पादन, विनिमय र उपभोगमा आधारित व्यवसाय सञ्चालन गर्ने एक अर्को सामान्य विधि हो सहकारी। द्रुत आर्थिक बृद्धिसहितको कल्याणकारी राज्य, सामाजिक न्याय र समानता सुनिश्चित गने आर्थिक प्रणाली चाहिन्छ भनियो। यसका लागि राज्य वा बजार मात्रै पर्याप्त हुँदैन सहकारी क्षेत्र पनि चाहिन्छ भनियो। तर अहिले सीमान्तकृत, कमजोर र जोखिममा परेका जनताको सामाजिक-आर्थिक सशक्तीकरणमा सहकारीको प्रमुख भूमिका हुन्छ भन्ने कथन सतही बनेको छ। बजार वा राज्यले जनतालाई पुर्‍याउन नसकेको आधारभूत वस्तु तथा सेवा सहकारीले पुर्‍याउँछ भन्ने कुरा पत्याउँन गाह्रो भैरहेको अवस्था छ । पहिले सहकारीले फड्को मार्‍यो भनेर खुसि हुनेहरू अहिले 'सहकारीको अन्धाधुन्ध बिस्तार र संकटले विकृतिहरू सिर्जना भयो ' भनेर गुनासो गर्न थालेका छन् । त्यसैले उहाँहरू अब राज्य र सहकारी संस्था दुवै

तर्फ बलियो नियामक र अनुगमन प्रणालीको आवश्यकता देख्न थालेका छन् । सहकारीहरूको सरल,सहज,स्थायित्व र गुणस्तरीय विकासका लागि बलियो र स्वायत्त नियामकिय संरचना अपरि हार्य भैसकेको छ। वित्तीय नेतृत्व हामी गर्न सक्दैनौं भन्ने कुरा सहकारी विभागले भनिरहेको छ।सहकारीलाई साँचै अर्थतन्त्रको तेस्रो खम्बाका रूपमा मान्ने र यो क्षेत्रको समस्या समाधान गर्ने हो भने छुट्टै नियामक निकाय तत्काल स्थापना गर्नुपर्छ । त्यसपछि समस्या समाधान गर्दै जानुपर्छ। सहकारी संस्था नियमनका लागि दोस्रो तहको नियामक निकाय अनिवार्य आवश्यकता छ। नियामक निकाय जतिसक्दो चाँडो ल्याउँछौं, त्यति छिटो यो क्षेत्रको समस्या समाधान हुन्छ। यसकारण ऐन बनाउन हामीले सहजीकरण
गर्छौं भनेर राष्ट्र बैंकले भनिरहेको छ। समस्याहरु जहाँ पनि हुन्छन्, एउटा संस्था विशेषमा होला या समग्र प्रणालीमै पनि हो ला । सोचेअनुसार व्यासाय विस्तार भएन होला, अपेक्षा गरेबमो जिमको प्रतिफल नभएको होला, कर्जा असुलीमा चुनौती
देखिएको होला, संचालन लागत बढेको होला, बजार हिस्सामा कमी आएको होला, अघिल्लो वर्ष जस्तो कार्य-सम्पादन गर्न सकिएन होला या प्रतिस्पर्धीको तुलनामा केही पछि परिएको होला । यी सबै समस्याहरु हुन् र यसको समाधान वा निकास हुन्छ नै । देखिएका समस्या तथा चुनौतीहरुलाई अतिरञ्जित गरेर अमूर्त शैलीमा ठुलै संकट आउँदैछ भनी अनर्गल प्रचार प्रसार गर्ने कार्य रोकिनु पर्छ।

नेपालको सहकारी क्षेत्रमा देखिएका केही विद्यमान चुनौतिहरू
वर्तमान अवस्थामा सहकारी क्षेत्रको प्रमुख चुनौती यसको आवश्यकता,गठन,प्रयोग र अपेक्षित नतिजाको प्रष्टता नहुनु प्रमुख समस्या रहेको छ। जसले गर्दा यस क्षेत्रका सरोकार वालाह(रूको बुझाईमा फरक रहेको र प्रयोगमा एकरूपता रहेको छैन् । जबसम्म सरोकारवालाहरूको बुझाई,प्रयोग,सञ्चालन मापदण्ड एवम् अपेक्षित परिणाममा एकरूपता आउदैन तबसम्म एकले अर्कोलाई समस्याको कारण मानेर समस्या समाधान नगर्ने
वातावरण रहन्छ।संस्थागत सुशासन सुनिश्चित गर्न नसक्नु अर्को चुनौती रहेको छ। अध्यक्ष,सञ्चालकदेखि पारिवारसम्म एकाधिकार हावी, अन्दाधुन्दा कार्यक्षेत्र विस्तार जस्तो दर्ता एक ठाउँ काम अर्कै ठाऊमा गर्ने प्रचलन, बचतलाई दायित्व भन्दा पनि
आम्दानीको रूपमा लिने, एउटै व्यक्ति दुवैतिर संलग्न, कर्जा सुचना केन्द्रको स्थापना हुन नसक्नु, सहकारी शिक्षा ज्ञान्, सूचना, तालिम, स्वनियमन, स्वउत्तरदायित्व र स्वबलम्बनबारे वेखबर र हनु,साधारणसभा नबस्ने, बचतकर्ताहरू तथा शेयर सदस्यहरले आफ्नो भुमिका निर्वाह नगर्ने बसे पनि औपचारिकता पूरा गर्ने। कानुन पालना गर्ने गराउने दुबैको भुमिका कम्जोर रहेको ।
वित्तीय कारोबार गर्ने सहकारी संघ संस्थाहरू र सहकारी बैंकका लागि स्पस्ट कानुनी व्यवस्था,जोखिम व्यवस्थापन, पुँजी पर्याप्तता लगायत संरचनागत प्रावधान नहुँदा सहकारी मार्फत हुने वित्तीय कारोबारलाई व्यवस्थित,सुरक्षित र भरपर्दो बनाउन कठिनाई छ । माथिका यी चुनौतीहरूलाई अवसरमा बदल्दै सहकारीको मर्म, सिद्धान्त र उद्देश्य तथा संविधानको परिकल्पनालाई परिणाममा बदल्न सबै तहका सरकार, राजनीतिक दल, सञ्चालक,
व्यवस्थापक, सदस्यहरू सबैको सकारात्मक भुमिका अपरिहार्य छ । सबैको सकारात्मक प्रयत्न मार्फत मात्र सहकारी क्षेत्रले
बलियो अर्थतन्त्र निर्माणमा टेवा दिन्छ । लोकतान्त्रको परिभाषा जस्तै सहकारी पनि सदस्यद्वारा सदस्यका लागी, सदस्यकै स्वेच्छाले खुलेका संस्था हुन् । सहकारीहरूको सफलता र असफलतामा सदस्यकै हात सर्वोच्च हुन्छ । त्यसैले अप्ठ्यारो अवस्थामा सदस्य केन्द्रित, समुदायमा आधारित, लोकतान्त्रिक, स्वायत्त, स्वतन्त्र र स्वशासित संगठनको रूपमा रहेको सहकारी क्षेत्रमा देखिएका विकृति विसंगति र गलत अभ्याससहरूलाई अन्त्य गर्दै संविधानको परिकल्पना अनुरूप सहकारी क्षेत्रलाई बलियो,दिगो, अर्थतन्त्रको स्थानीयकरण र आर्थिक अन्तरसम्बन्ध विकासका लागि यस
क्षेत्रलाइज हेर्ने, बुझ्ने र असल अभ्यास गर्ने प्रणाली र पद्धतिमा रूपान्तरण तथा पुर्नसंरचना अपरिहार्य छ ।
सहकारी संस्था सबै सदस्यको हित र भलाईमा केन्द्रित रहनुपने संस्था भएतापनी धेरै हदसम्म सिमित व्यक्तिहरूको नियन्त्रणमा रहि उनिहरूकै आर्थिक ऊन्नयनको मात्र माध्यम रहेको उदाह रणबाट पनि बुझ्न सकिन्छ। सहकारीको मुल मर्म र त्यसबाट प्राप्त गर्न खोजेको उद्देश्यका लागि राज्य, सहकारी अभियान र सम्बद्ध सबै सरोकारवालाहरूबाट आआफ्नो ठाउँबाट सकारात्मक भुमिका निर्वाह गर्न आवश्यक रहेको छ। सिद्धान्तत
सहकारी संस्था सदस्यको प्रजातान्त्रिक नियन्त्रण रहने तथा बाह्य नियमनको आवश्यकता नपर्ने मानेर पनि नेपाल जस्तो साम(ाजिक परिवेश तथा साचो अर्थमा प्रजातान्त्रिक अभ्यास तथा विवेकी अभ्यासको कमि रहेको सामाजिक धरातलमा सहकारी संस्थाहरूको प्रभावकारी नियमन सुपरिवेक्षणको ट्ड्कारो आजको समयमा बढि देखिएको छ ।

**निष्कर्ष**

नेपालमा सहकारीता मार्फत जनतालाई बचत
गर्ने बानिको विकास गरि राष्ट्रिय पुँजी निर्माण गर्दै गरीबी
निवारण, सामाजिक दिगो विकास,स्वाबलम्वन प्रवर्द्धन,स्थानिय श्रम, सीप एवम् छरिएर रहेको पुँजीको सदुपयोग, लघु उद्यम विकास लगायतका कार्यहरू गर्दै आम उपभोक्तामा वित्तीय साक्षर ता, सहकारी शिक्षा तालिम तथा सूचना प्रदान गरि
उनिहरूको आर्थक सामाजिक,सांस्कृतिक र वातावरणीय क्षेत्रमा उल्लेख्य भुमिका बढाउनका लागि स्वायत्त नियामकिय सुपरिवे क्षणिय संरचना अपरिहार्य भैसकेको छ। यस विषयमा सरकारको वित्तीय नीति तथा मौद्रिक नीतिले वार्षिक कार्ययोजनामा पनि समेटिसकेका छन्। चाँडो भन्दा चाँडो कार्यान्वयनमा आवस यो वित्तीय निरासाको आम चक्रलाई नवीन आशा,अपेक्षा, भरोसा र विश्वासमा बदल्न सकियोस्। संकटको शिथिल अवस्थाबाट गुज्रिरहेको सहकारी क्षेत्रले संरचनात्मक तथा नीतिगत सुधारका निम्ति पर्खिरहेको क्षितिजले चाडैं मुर्तरुप पाउन सकोस्। सहकारी साच्चिकै आम सुदुरका ग्रामीण भेगदेखि शहरमा बसोबास
गर्नेहरू सबैको जीवनस्तर सहज, सरल र भरोसायुक्त बन्दै सबै का लागि एक र एकका लागि सबै भन्ने मुल सिद्धान्तको मर्म अनुरूप सहकारीहरूको संस्थापना, सञ्चालन र व्यवस्थापन गरि यस क्षेत्रलाई संविधानले निर्दिष्ट गरे अनुरुप अर्थतन्त्रको तेस्रो खम्बाका रूपमा चलायमान बनाउनु नै आजको आवश्यक(

ता र सान्दर्भिकता हो । सहकारीको सबलिकरण, सुदृढीकरण, रूपान्तरण ,हस्तान्तरण तथा असल अभ्यासको प्रयोगिकरणले नै यस क्षेत्रलाई वित्तीय पहुँचको वैकल्पिक भरपर्दो तथा दिगो समुन्नतिको आधारशिला निर्माण गर्न सक्दछ। आजको परिवेशमा सामाजिक तथा दिगो विकासका निम्ति सहकारीको काधमा ठुलो जिम्मेवारी छ । संयुक्त राष्ट्रसंघले समेत सन् २०२५ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षको रूपमा घोषणा गरेको छ। दिगो विकासका लक्ष्यहरू हासिल गर्नका लागि पनि समग्र सहकारी क्षेत्रलाई बलियो र सुदृढीकरण गर्नु आजको आवश्यकता हो ।

सहकारीको उपस्थितले समावेशी विकास,महिला सशक्तीकरण,युवा स्वरोजगार,व्यवसायिक क्षमता विकास, गरिबी निवारण,सामुहिकताबाट सामाजिक सुरक्षा, कृषि क्षेत्रको सशक्तीकरण,सर्वसाधारणको सशक्तीकरण,स्थानीय बचत तथा सीप परिचालन,आर्थिक वृद्धि, रोजगारी तथा सीप विकास,स्थानीय स्रोत साधनको प्रयोग, सामाजिक नेतृत्व विकास,जैविक विविधता संरक्षण र समाजको विवेकपुर्ण पुननिर्मामा अहम् भुमिका निर्वाहा गर्दै आएको छ । त्यसैले नेपालको आर्थिक, सामाजिक सांस्कृतिक,राजनीतिक र वातावरणीय क्षेत्रको विकासमा सहकारी क्षेत्रको भुमिका महत्वपूर्ण रहिआएको छ । आशा गरौं यो उकुसमुकुसबाट बाहिर निक्लन हालै सम्पन्न संसदीय समितिले समस्या समाधान सहितका विकल्पहरू हामी माझ अवश्य आउनेनै छन् र सहकारीह रूलाई नवीन आशाका दर्साहरोमा पुन: रक्त सञ्चार गरिरहने छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्मः
२०१०/१२/२२

स्वर्गारोहणः
२०८१/०८/११

### स्व. लाल बहादुर बस्नेत

यस बैंकको कर्मचारी श्री सविना बस्नेत ज्यूको पूजनीय पिता **लाल बहादुर बस्नेत**को ७१ वर्षको उमेरमा असामयिक निधन भएको खबरले हामी अत्यन्तै मर्माहत एवम् स्तब्ध भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

# ब्याजदर परिवर्तन सम्बन्धी सूचना

**मिति २०८१/०७/०९ गतेदेखि लागू हुनेगरी बचत तथा कर्जाको शिर्षकहरुमा तपशिल बमोजिमको ब्याजदर कायम गरिएको हुँदा सदस्य संघ/संस्थाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## बचत तर्फ

| खाताको प्रकार | न्यूनतम मौज्दात तथा अवधि | ब्याजदर प्रतिशत |
|---|---|---|
| साधारण बचत | ० मौज्दात | १.२५ |
| | न्यूनतम मौज्दात रु.१,०००/- | १.२५ |
| विशेष बचत | न्यूनतम मौज्दात रु.१०,०००/- | १.५० |
| सुपर बचत | रु २५ हजार देखि माथि रु.१० लाख सम्मको मौज्दातमा | १.७५ |
| | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मको मौज्दातमा | २.०० |
| | रु..२५ लाख भन्दा माथिको मौज्दातमा | २.१० |
| एन.सि.बि.एल. समुन्नत बचत खाता | रु १० लाख सम्मको मौज्दातमा | १.७५ |
| | रु. १० लाख देखि माथि रु.२५ लाख सम्मको मौज्दातमा | २.०० |
| | रु..२५ लाख भन्दा माथिको मौज्दातमा | २.१० |
| एन.सि.बि.एल. प्रीमीयम बचत खाता | न्यूनतम मौज्दात रु.१००,०००/- | १.७५ |
| अनिवार्य नियमित बचत | न्यूनतम मौज्दात रु.१,०००/- | ६.०० |
| क्रमिक बचत | १ देखि ३ वर्ष | ५.२५ |
| | ३ वर्ष भन्दा माथि ५ वर्ष | ५.७५ |
| मुद्धती निक्षेप | ३ देखि ६ महिना भन्दा कम | ३.२५ |
| | ६ महिना देखि १ वर्षभन्दा कम | ४.०० |
| | १ वर्ष देखि २ वर्षभन्दा कम | ४.७५ |
| | २ वर्ष देखि ५ वर्ष | ५.२५ |

## कर्जा तर्फ

| कर्जाको प्रकार | कर्जाको अवधि | ब्याजदर प्रतिशत |
|---|---|---|
| (क) कृषि कर्जा | ५ वर्ष सम्म अवधि | ८.०० |
| | ५ वर्ष भन्दा बढि अवधि | ८.५० |
| (ख) परियोजना कर्जा | ३ महिना देखि १५ वर्षे | ७.००–८.०० |
| (ग) आवधिक कर्जा | १ वर्षे देखि ४ वर्षे सम्म | ८.५० |
| | ४ वर्ष भन्दा बढि अवधि | ८.९९ |
| (घ) हायर पर्चेज कर्जा | ५ वर्ष सम्म | ८.५० |
| | ५ वर्ष देखि ८ वर्ष सम्म | ८.९९ |
| (ङ) लघुवित्त कर्जा | ३ महिना देखि ५ वर्षे | ८.५०–८.९९ |
| (च) दिगो सहकारी कर्जा | ५ वर्ष सम्म | ८.९९ |
| (छ) घर घडेरी खरिद तथा भवन निर्माण कर्जा | ५ देखि १० वर्षे | ८.५०–८.९९ |
| (ज) तरलता व्यवस्थापन कर्जा | १ वर्षे | ८.९९ |
| (झ) चालु पुँजी कर्जा | १ वर्षे | ८.९९ |
| (ञ) आपतकालिन तरलता व्यवस्थापन कर्जा | ६ महिना सम्म | ८.९९ |
| (ट) सहकारी व्यवस्थापन कर्जा | १ वर्षे | ८.९९ |
| (ठ) सहकारी स्तरिकरण कर्जा | ५ वर्ष सम्म | ८.५० |
| (ड) साना तथा मझौला सदस्य कर्जा | ३ वर्षे | ८.०० |
| (ढ) उत्पादन/प्रसोधन/भण्डारण/बजारीकरण कर्जा | ५ वर्ष सम्म अवधि | ८.०० |
| | ५ वर्ष भन्दा बढि अवधि | ८.५० |
| (ण) मुद्धती निक्षेप कर्जा | - | थप २ प्रतिशत |
| (त) अल्पकालिन व्यवसायीक कर्जा | १ वर्ष | ८.९९ |
| (थ) मौसमी कर्जा | १ वर्ष सम्म | ७.०० |
| (द) पर्यटन प्रबर्द्धन कर्जा | ३ महिना देखि १० वर्षे | ७.००–८.७५ |
| (ध) सबल सहकारी कर्जा | ५ वर्ष सम्म | ८.९९ |
| (न) गरिबी निवारण कर्जा | १ वर्ष देखि ५ वर्ष | ८.५०–८.९९ |
| (प) व्यवसायीक कर्जा | १ वर्षे देखि ४ वर्षे सम्म | ८.५० |
| | ४ वर्ष भन्दा बढि अवधि | ८.९९ |

**नोट :**

(१) घर घडेरी खरिद तथा भवन निर्माण कर्जाको स्वःलगानी नियमानुसार हुनेछ।

(२) मुद्दती निक्षेपको Bid Rate ५.२५ प्रतिशत सम्म प्रस्ताव गर्न सकिनेछ।

(३) अपाङ्ग, दलित र महिलाद्धारा मात्र संचालित संस्थालाई प्रकाशित ब्याजदरमा ०.५ प्रतिशतसम्म थपघट गर्न सकिनेछ। यस्तो सुविधा दोहोरो हुनेगरी प्रदान गरिने छैन।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web www.ncbl.coop

# नेपाः बहुउद्देश्यीय सहकारी संस्थाका नेतृत्वको दक्षता अभिवृद्धि तालिम सम्पन्न




ललितपुर। नेपाः बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड इटहरी, सुनसरीको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा नेतृत्वको दक्षता अभिवृद्धि तालिम कार्तिक २४ गते शनिबार सम्पन्न भएको छ।

कार्तिक २३ र २४ गते सञ्चालन भएको तालिममा नेपाः बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड इटहरी, सुनसरीका नव-निर्वाचित सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरुका संयोजक तथा सदस्य र कर्मचारीहरू सहित ३५ जनाको सहभागिता रहेको थियो।
संस्थाका अध्यक्ष जितेन्द्र कुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला बहुउद्देश्यीय सहकारी संघका पूर्व अध्यक्ष सोम बहादुर श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो।

दुई दिनसम्म सञ्चालित तालिममा राष्ट्रिय सहकारी बैंकको स्तरीकरण विभागका अधिकृत सूर्यप्रसाद रिमालले सहकारी अभियानको दिशानिर्देश, सहकारीको अवधारण, मूल्य तथा सिद्धान्त, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिको भूमिका तथा जिम्मेवारी तथा उनिहरुको काम कर्तब्य अधिकाको सम्बन्धमा आवश्यक सहजीकरण गर्नुभएको थियो।

# सहकारी नियमनको स्पष्ट मापदण्ड तोक्न माग

ललितपुर। सरोकारवाला निकायहरुले सहकारी नियमनका लागि स्पष्ट मापदण्ड बनाउन सरकारसँग माग गरेका छन्। राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष रमेश पोखरेल, नेपाल कृषि सहकारी केन्द्रिय संघका अध्यक्ष खेम पाठक लगायतले सहकारी क्षेत्रको नियमनका लागि
ऐन गरिएको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्न पनि सरकारलाई सुझाव दिएका हुन्।
राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत गुरागाईंले सहकारी नियमनका लागि मापदण्ड तय गरिएको नियमन र स्वनियमनको विवाद पनि आफै समाप्त भएको जानेतर्फ सरकारको ध्यानाकर्षण गराए। संघीय संसद
प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा उहाँले सहकारीको सिद्धान्त र व्यवहार बीचमा देखिएको खाडल हटाउने गरी सरकारले आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता पनि औंल्याए। प्रमुख कार्यकारी अधिकृत गुरागाईंले भने, 'मलाई के लाग्छ भने नियमन र स्वनियमनमा फरक चाहीँ के हो भने गराइदिने निकाय मात्रै फरक हो। मापदण्ड त एउटै हो नि त। कमसे कम मापदण्डकै विषयमा छलफलमा डिबेड भयो भने
मैले आफैंले हेरेर ठिक राखे भने त जति वटा नियमनकारी भएपनि त्यसमा केही समस्या पर्नुपर्ने होइन। तर हामी स्वनियमन र नियमन भनेर पर्परमा अगाडि गर्छौं।
अर्को सहकारीको सिद्धान्त र व्यवहारमा ठूलो ग्याप छ। त्यो फुलफिल हुनुपर्दछ।'
राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष रमेश पोखरेलले सहकारीमा देखिएका विद्यमान समस्या समाधानका लागि विद्यमान ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिन सरकारको ध्यानाकर्षण गराए। उनले सरकारले सहकारीलाई संवैधानिक व्यवस्थाअनुसार प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता पनि औंल्याए। वरिष्ठ उपाध्यक्ष पोखरेलले भने,'सहकारी प्रवर्द्धन कोषको परिचालन, सहकारी कर्जा सूचना केन्द्र कालो सूचिमा राख्ने व्यवस्था, कर्जा असुली न्यायाधिकरण अनि समस्याग्रस्त सहकारी
व्यवस्थापन समितिलाई प्रभावकारी रुपले चलाउने कुराहरु र त्यो सँगसँगै कर्जा तथा वचतको सुरक्षणको पनि प्रावधानहरु राखिएको थियो।

त्यसलाई कार्यान्वयन गर्न नसकेको कारणले अहिले सहकारी भित्रको समस्या सडकदेखि सदनसम्म छ । सबै पूर्णरुपमा कार्यान्वयन भइदिएको भए यो समस्या आउँदैनथ्यो भन्ने हाम्रो भनाई हो । र यसभित्र संशोधन गर्नुपर्ने कुराहरुमा नेपालको संविधानले नै तीन खम्बे अर्थनीति भनेको छ । समाजवादउन्मुख अर्थ व्यवस्था भनियो । समाजवादको आधार बनाउने सहकारी क्षेत्र हो भन्नेकुरा राजनीतिक दलहरुले पनि स्वीकार गरिसकेको अवस्था छ । यसलाई प्राथमिकताका साथ अघि बढाउने कुरामा कसैको दुईमत छैन ।’

यता, नेपाल कृषि सहकारी केन्द्रिय संघले भने उत्पादनको क्षेत्रमा लागेका सहकारीहरुलाई सरकारले विशेष राहतको व्यवस्था गर्नुपर्ने बताए। संघका केन्द्रीय अध्यक्ष खेम पाठकले सहकारीमा राजनीतिक दलहरुलाई घुसाउने र ध्वस्त पाने काम भइरहेको उल्लेख गर्दै त्यसको अन्त्य हुनेगरी स्पष्ट कानूनी व्यवस्था गर्नुपर्ने बताए ।

उनले भने, ‘कृषि उत्पादन र प्रशोधनमा लाग्ने सहकारीलाई ऐनमा राम्रो व्यवस्था हुनुपर्छ। सबैलाई एकैढंगले हेर्ने काम गर्नु भएन। यो उत्पादनमा क्षेत्रमा लाग्ने सहकारीको बारेमा सरकारले फरक ढंगले नीति ल्याउनुपर्दछ भन्नेकुरा हो। ऐनमा उल्लेख भएको कर्जा सूचना केन्द्र लगायतका व्यवस्था लागू हुनुपर्दछ। राजनीतिक पार्टीको कोटाबाट सहकारीमा छिर्ने र सहकारीलाई ध्वस्त पार्ने काम भएको छ। यसलाई रोक्नुपर्दछ ।’

अध्यक्ष पाठकले सहकारी क्षेत्रको सुधारका लागि सरकारले कर्जा सूचना केन्द्र लगायतलाई परिचालन गर्ने ऐनको परिचालनमा जोड दिनुपर्ने बताए ।

**सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्ने सम्बन्धमा**

सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७४ को तेस्रो संशोधन, २०७९ तथा सहकारी विभागको मिति २०८०/१०/०९ को सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्ने निर्देशन बमोजिम यस बैंकको सदस्य पहिचान विवरण (KYM) को साविकको ढाँचा अद्यावधिक गरिएकोले आफूले कारोबार गर्ने शाखामा गई अद्यावधिक गर्नुहुन अनुरोध छ । उपरोक्त विवरण अद्यावधिक नगरेका सदस्य संस्थाको खाता निष्क्रिय गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ। साथै विभागको निर्देशन बमोजिम आफ्ना सम्पूर्ण सदस्यको समेत सदस्य पहिचान विवरण अद्यावधिक गर्ने तथा जोखिम मूल्याङ्कनको वार्षिक प्रतिवेदन तयार गरी नियामकीय निकायमा पेश गर्ने र आफ्नो कारोवार रहेको यस बैंकको शाखा कार्यालयमा समेत प्रतिलिपि पेश गर्नुहुन सुसूचित गरिन्छ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रिय कार्यालय, पुल्चोक, ललितपुर

# सहकारीमा आकर्षित हुने ऐन, कानुन संशोधनका लागि सुझाव संकलन गर्न राष्ट्रिय सहकारी बैंकद्वारा प्रदेशस्तरीय गोष्ठी सञ्चालन




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा सहकारीका लागि आकर्षित हुने प्रचलित ऐन कानुनमा संशोधनका लागि सुझाव संकलन प्रदेशस्तरीय गोष्ठी-२०८१, देशैभर सञ्चालन गरेको छ ।

बैंकको ६८ वटा शाखा कार्यालय मार्फत संशोधन गर्नुपर्ने सम्बन्धित कानुनहरू र संशोधन गर्नुपर्ने परिभाषा सहित नेपाल राष्ट्र बैक ऐन २०५८ को दफा २, आयकर ऐन, २०५८ को दफा २, भूमि सम्बन्धी ऐन, २०२१, कर्मचारी सञ्चय कोष ऐन, २०१९, आयकर ऐन, २०५८, कम्पनी ऐन, २०६३, जग्गा प्राप्ती ऐन २०३४, कम्पनी ऐन, २०६३, औद्योगिक व्यवसाय ऐन, २०७३ लगायतका १६ वटा कानुनहरू र सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र सम्बन्धित प्रदेश तथा पालिकाद्वारा जारी भएका सहकारी ऐन तथा नियमावलीहरूको आवश्यक संशोधन गरी सहकारीको व्यावसायिक गतिविधि सञ्चालनमा सहजता ल्याउन सहयोग पुर्‍याउने उद्देश्यले गोष्ठी सञ्चालन गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले बताउनु भयो । उहाँले सहकारीले विभिन्न व्यावसायिक कार्यहरू सञ्चालन गर्न, अन्य प्रचलित ऐन कानुन समेत आकर्षित हुने र सोको पालना गर्दा सहकारी सञ्चालन वा सहकारीको व्यावसायिक गतिविधि सञ्चालनमा जटिलता उत्पन्न भएको गुनासो एवम् अनुभवबाट विगतमा बैंकले सञ्चालन गरेको कार्यक्रमहरू मार्फत कुन-कुन ऐनमा के के कुरा संशोधन गर्न आवश्यक



छ भन्ने विषयमा सुझाव संकलन गरेको उल्लेख गर्नुभयो । सङ्कलित सुझावहरूलाई समेटी आवश्यक संशोधनको लागि सम्बन्धित मन्त्रालय, विभाग तथा निकायहरूमा बुझाउने प्रमुख कार्यकारी अधिकृत गुरागाईले बताउनु भयो । सहकारी अभियानका अगुवा व्यक्ति, सहकारी संघ/संस्थाका अध्यक्ष/प्रमुख पदाधिकारी/व्यवस्थापक सहभागी भएको गोष्ठीमा सहकारी ऐन र अन्य ऐनमा देखिएका अन्यौलपूर्ण अवस्थाका कारण सहकारीमार्फत गरिने कामहरूलाई थप प्रभावकारी बनाउन नसकिएको लगायतका विषयमा कार्यक्रममा छलफल तथा अन्तरक्रिया भएको थियो ।

सहकारी ऐनमा रहेको आयकर सम्बन्धी व्यवस्थालाई हरेक वर्ष आउने आर्थिक विधेयकले परिवर्तन गर्ने गरेको लगायत अन्य ऐनहरूको समस्याका कारण सहकारी ऐनको प्रभावकारी कार्यान्वयन नभएको विषयमा सहभागीहरूले चर्चा गरेका थिए ।

सहकारीले उत्पादन र प्रशोधनका क्षेत्रमा काम गरेनन् भन्ने आरोप छ, तर सहकारीले उद्योग चलाउन, सेवाका काम गर्नका लागि कम्पनी बनाउनु पर्ने वाध्यात्मक अवस्था छ, सहभागीहरूले भने, सहकारी ऐनमा भएको व्यवस्था अनुसार सहकारीलाई काम गर्न दिने वातावरण बनाउन आवश्यक रहेको बताएका छन् । सहकारीमा देखिएका दोहोरो सदस्यता, सञ्चालकको व्यवस्था, कर, शेयर खरिद विक्री, बाल बचत लगायतका अन्य धेरै विषयहरूमा सहकारी ऐनमै सुधार गर्नु पर्नेमा सहभागीहरूको जोड थियो ।



# को-अपरेटिभ म्यानेजर्स क्लब कास्कीको नयाँ कार्यसमितिलाई राष्ट्रिय सहकारी बैंकद्वारा सम्मान




पोखरा । राष्ट्रिय सहकारी बैंक लिमिटेडले कोअपरेटिभ म्यानेजर्स क्लब कास्कीको नयाँ कार्यसमितिलाई सम्मान गरेको छ ।

गत भदौ २८ गते सम्पन्न क्लबको सातौं वार्षिक साधारण सभाबाट नवनिर्वाचित कार्यसमितिलाई बैंकले पोखरामा आयोजित सम्मान तथा अन्तरक्रिया कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं क्लबका अध्यक्ष मोहन प्रसाद अधिकारी सहितका नयाँ समितिलाई सफल कार्यकालको शुभकामना सहित बधाई तथा सम्मान गर्नुभयो ।
कार्यक्रममा बोल्दै प्रमुख कार्यकारी अधिकृत गुरागाईं सीएमसी कास्कीले कायम गरेको विरासत व्यावसायिक सहकारी विकासको मेरुदण्ड बन्नेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।
उहाँले सिएमसीसँगको सहकार्यमा सहकारी बैंकले विभिन्न तालीम, शिक्षा तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख गर्नु भयो ।
कार्यक्रमका प्रमुख अतिथि, बैंकको पोखरा शाखा समन्वय उपसमितिका पूर्व सल्लाहकार एवम् पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम गुरुङले सहकारी बैंकको वित्तीय सूचकाङ्क एवम् अन्य रिपोर्टहरूमा बैंक मजबुत बन्दै गएकोले बैंकसँग ढुक्कसँग कारोबार गरि संस्थाहरुले भरपुर फाइदा लिनुपर्ने बताउनु भयो ।

क्लबका अध्यक्ष मोहन प्रसाद अधिकारीले बैंकले गरेको सम्मान प्रति आभार प्रकट गर्नुहुँदै सिएमसिले बैकसँग हाते मालो गर्दै अघि बढ्न चाहेको बताउनु भयो ।

कार्यक्रममा सिएमसिका निवर्तमान अध्यक्ष अपिल कोइराला, संस्थापक अध्यक्ष मिलन ढकाल, पोखरा महानगर सहकारी समितिका सदस्य नारायण आचार्य, बैंकको गण्डकी प्रदेशका प्रमुख नरेश पाण्डे लगायत सिएमसिका पदाधिकारी, सदस्य, एवम् सहकारी संस्थाका व्यवस्थापन प्रमुखहरूको सहभागिता रहेको थियो ।

बैंकको पोखरा शाखाका कर्मचारी अनिरुद्ध पाण्डेले स्वागत गर्नु भएको कार्यक्रमको सञ्चालन शाखा प्रमुख रुक्मत श्रेष्ठले गर्नु भएको थियो ।